# चुमनुव्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ४ मितिः २०७५/०२/१२

## भाग-२

## चुमनुव्री गाउपालिकाको बैठक भत्ता सम्वन्धी नियमावली, २०७५

**चुमनुव्री गाउँपालिका**

**सिर्दिबास, गोरखा**

**गण्डकी प्रदेश**

# चुमनुव्री गाउपालिकाको बैठक भत्ता सम्वन्धी नियमावली, २०७५

चुमनुव्री गाउँ सभाबाट स्वीकृत मितिः २०७५/०२/१२

## १. गाउँ कार्यपालिकाको बैठक भत्ता

(क) गाउ कार्यपालिकाको उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले रु १५०० (एक हजार पाँच सय) का दरले बैठक भत्ता पाउनेछन् । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । बैठक जति पटक बसेता पनि महिनाको तीन पटक बसेको वैठकको मात्र भत्ता उपलब्ध गरिनेछ । यसमा गाउँ कार्यपालिकाको सचिवको भूमिका निर्वाह गर्ने कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

(ख) गाउँ कार्यपालिकाको बैठकमा सहभागी पदाधिकारीहरुले बाटो खर्च स्वरुप प्रत्येकले एकमुष्ट रु. १००० (एक हजार) पाउनेछन् ।

(ग) गाउँ कार्यपालिका सदस्य बाहेकका बैठक संचालनमा सहयोग पुर्‍याउने ३ जनासम्म कर्मचारीले समेत एक हजारकादरले १५ प्रतिशत कर कट्टी गरी भत्ता प्राप्त गर्नेछन् ।

(३) विषयगत शाखाका कर्मचारीहरु सहभागी गराउनु पर्ने अबस्था भएमा सहभागी कर्मचारीहरुले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टी गरी भत्ता प्राप्त गर्नेछन् ।

## ३. वटा समितिको बैठक भत्ता

(क) वडा समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले रु. १००० (एक हजार) का दरले बैठक भत्ता पाउनेछन् । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यसमा बैठकको सचिव कार्य गरेका वडा सचिव समेत सदस्यका रुपमा समावेश हुनेछन ।

(ख) वडा समिति सदस्य बाहेकका बैठक सञ्चालनमा सहयोग पुर्‍याउने १ जना सम्म कर्मचारीले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टी गरी भत्ता प्राप्त गर्नेछन् ।

(ग) महिनामा जति पटक बैठक बसेपनि तीन पटक भन्दा बढिको भत्ता पाईने छैन ।

## घ. बिषयगत समितिहरुका बैठक भत्ता

(क) बिषयगत समितिहरुको बैठक भत्ता दफा ४ (क) बमोजिम हुनेछन् ।

## ४. बजेट निर्माण सम्बन्धी समितिहरुको बैठक भत्ता

(क) बजेट निर्माण सम्बन्धी समितिको बैठक बस्दा प्रत्येक बैठकको रु. १५०० का दरले बैठक भत्ता उपलब्ध गराइनेछ । उल्लेखित भत्तामा १५ प्रतिशत कर कट्टा गरी गरिनेछ ।.

## ५. गाउँ सभा सम्बन्धमा

(क) यस गाउपालिकाको भौगोलिक विकटताका कारणले सामागाउ, छेकम्पार लगायतका वडा कार्यालयबाट गाउँ सभामा उपस्थितीको लागि आउन ३ दिन र जान ३ दिन गरी ६ दिन लाग्ने हुँदा गाउँ सभामा भाग लिन आउनुहुने गाउँ सभाका सदस्यहरुलाई ७ दिन बराबरको भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

(ख) सदस्यहरु बाहेकका बैठक सञ्चालनमा सहयोग पुर्‍याउने १५ जना सम्म कर्मचारीलाई समेत नियम छ (क) बमोजिमको सुविधा दिइनेछ ।

**६. आयोजना अनुगमन सम्बन्धमा**

(क) गाउपालिका तथा वडा स्तरबाट संचालित आयोजना अनुगमन गर्दा पदाधिकारी तथा कर्मचारीहरु वा शाखा प्रमुख तथा विषय विज्ञहरुले आयोजना व्यबस्थापन खर्च Contingency वा अनुगमन तथा मूल्याङकन खर्चबाट रु. १५०० (एक हजार पाच सय) अनुगमन मूल्याङकन भत्ता पाउनेछन् ।

**७. बैठकमा चिया खाजा खर्च सम्बन्धमा**

माथि उल्लेख गरिएका बैठकहरुमा सहभागी सदस्य तथा तोकिएको संख्याका सहयोगी कर्मचारीलाई प्रति बैठक रु. २५० ले नबढ्ने गरी चिया र खाजाको व्यबस्था गर्नुपर्नेछ । उक्त रकम नगद वितरण गरिने छैन ।

आज्ञाले,

प्रदिप गिरी

प्रमुख प्रशासकीय अधिकृत